# जेनजी आन्दोलनका दौरान फरार भएका १२२ कैदीबन्दी काठमाडौँबाट पक्राउ



■ सौर्य समाचार

काठमाडौँ । गत २४ भदौमा जेनजी प्रदर्शनका क्रममा विभिन्न कारागारबाट भागेका १२२ फरार कैदीबन्दीलाई नेपाल प्रहरीले काठमाडौँबाट पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँ, उपत्यका अपराध अनुसन्धान कार्यालय र सोमातहतको टोलीले जेनजी प्रदर्शनको मौका छोपेर भागेका १२२ कैदीबन्दीलाई पक्राउ गरेको हो । पक्राउ परेकामध्ये चोरीमा ३५, बहुविवाहमा ३, जबर्जस्ती करणीमा १७, कर्तव्य ज्यानमा ३, लागुऔषधमा ३०, बैंकिङ कसुरमा ३, ज्यान मार्ने उद्योगमा १२, संगठित अपराधमा ३ जना कैदीबन्दी रहेका छन् ।

त्यसैगरी, डाँकाचोरीमा ३, सवारी ज्यानमा ३, ज्यानसम्बन्धी कसुरमा ६, मानव बेचबिखन १ र अन्य मुद्दामा ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार पक्राउ परेकामध्ये ११२ जना पुरुष र १० जना महिला छन् । प्रहरी वरिष्ठ उपरीक्षक थापाले प्रदर्शनको मौका छोपेर कारागारबाट भागेका कैदीबन्दीको खोजी भइरहेको बताए ।

उनले आफ्नो समाज, छरछिमेकमा विभिन्न कारागारबाट भागेका कैदीबन्दी बसेका हुनसक्ने भन्दै त्यस्तो देखिएमा प्रहरीलाई खबर गर्नसमेत आग्रह गरे । प्रहरीले आफ्नो वरपर पहिचान नखुलेका, नयाँ व्यक्तिहरूको बसोबास वा फरार थुनुवा, कैदीबन्दी रहेको सूचना भएमा नजिकको प्रहरी कार्यालय वा नेपाल प्रहरीको हटलाइन १०० मा सम्पर्क गरी जानकारी गराउन अनुरोध गरेको छ ।

### कास्की कारागारबाट भागेका ८१ कैदीबन्दी पनि समातिए

यस्तै जेनजी प्रदर्शनका क्रममा कास्की कारागारको बन्दीगृहबाट भागेका ८१ जना कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ । कारागार विभागले विभिन्न मुद्दाका कैदी तथा थुनुवालाई २० असोजभित्र स्वःस्फूर्त कारागारमा फर्किन आग्रह गरेको थियो । उक्त मितिभित्र हाजिर नभई फरार रहेका कैदीबन्दीलाई विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिए । 'गत २३ र २४ भदौको प्रदर्शन, तोडफोड तथा आगजनीपश्चात कारागारबाट फरार रहेका विभिन्न मुद्दाका कैदी तथा थुनुवालाई स्वःस्फूर्त कारागारमा फर्किन आग्रह गरेका थियौँ । तर सो समयभित्र हाजिर नभएकालाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयबाट खोजतलास सुरु गरिएको हो,' उनले भने ।

पक्राउ परेकाहरूमा जबर्जस्ती करणी मुद्दा र लागुऔषध मुद्दाका १६-१६ जना छन् । चोरी मुद्दाका २५, कर्तव्य ज्यान मुद्दाका ८, ज्यान मार्ने उद्योगका ९, अभद्र व्यवहारका ४, सवारीसम्बन्धी, कुटपिट र मानव बेचबिखन मुद्दाका १-१ जना रहेका प्रहरीले जनाएको छ । जिल्ला कारागारका प्रशासक राजेन्द्र शर्माले प्रदर्शनका क्रममा भागेका ७७३ कैदीबन्दीमध्ये अझै २०० बढी फरार रहेका जानकारी दिए । कारागारबाट भागेका कैदीबन्दीलाई कार्यालयले असोज १२ गते सूचना जारी गरी यही असोज २० गतेसम्म फर्कन समय दिइएको थियो । तोकिएको समयमा पनि कारागार नफर्केका र सम्पर्क नगरेका कैदीबन्दीको खोजी कार्य प्रहरीले गरिरहेको हो । उनीहरूलाई प्रचलित कानुनअनुसार कारबाही हुने र फरार कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी कानुनअनुसार कारबाही हुने कारागारले जनाएको छ । प्रदर्शनकारीको आगजनीबाट कार्यालयका अभिलेखहरू जलेका थिए । कैदीबन्दीको विवरण कम्प्युटर अभिलेखमा भने सुरक्षित छ । त्यसैगरी केन्द्रीय विभागको नेटवर्कमा समेत दर्ता रहेकाले सबै विवरण सुरक्षित रहेको कारागार प्रशासक शर्माले बताए ।

# मधेस प्रदेशसभा सदस्य सिंहसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरी क्षेत्र नं ४ 'ख'बाट निर्वाचित मधेस प्रदेशसभा सदस्य सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी कसुरमा आरोपपत्र दायर गरेको छ । सिंहले विभिन्न उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको खातामा जम्मा/दाखिला भएको रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम कसूरजन्य कार्य गरेको भन्दै आयोगले उनीविरुद्ध बिहीबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । आयोगले मधेस प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका पूर्वराज्यमन्त्रीसमेत रहेका सिंहविरुद्ध ३८ लाख ५० हजार ३१९, धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष यमुनाप्रसाद महतो र कोषाध्यक्ष कौशिल्या देवीविरुद्ध १ लाख ८५ हजार २६०, धर्मशाला एवं रामनारायणको घरदेखि रामवृक्षको गाछीसम्म निर्माण उपभोक्ता समितिका अध्यक्ष योगिन्दर महतो र कोषाध्यक्ष सुनयना कुमारीविरुद्ध ६ लाख ५७ हजार ७०० रुपैयाँ बिगोसहित कसुर तथा सजायको मागदाबी गरेको छ ।



त्यसैगरी, अधुरो कमलामाई मन्दिर र मालतमाईस्थानको कम्पाउण्ड वाल निर्माण उपभोक्ता समितिका अध्यक्ष रामनाथ सहनी र कोषाध्यक्ष स्वीकृती देवी भन्ने स्वीकृति देवीविरुद्ध २ लाख १४ हजार ३५०, माइस्थान मन्दिरको सौन्दर्यकरण उपभोक्ता समितिका अध्यक्ष रामशरण खत्वे र कोषाध्यक्ष बिभादेवी खत्वेविरुद्ध १ लाख ५० हजार, कञ्चनियामाई मन्दिर सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश मडर र कोषाध्यक्ष अमलेश कुमारीविरुद्ध पनि १ लाख ५१ हजार ४०० बिगो रुपैयाँसहित कसुर तथा सजायको मागदाबी अख्तियारको छ । देवी महारानी सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष दीपाराजदेवी राजपुत र कोषाध्यक्ष भिखारी राउत कुर्मीविरुद्ध २ लाख ९७ हजार ७९४, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनीयासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समितिका अध्यक्ष भुपेन्द्रकुमार झाविरुद्ध १८ लाख ९१ हजार ९०० रुपैयाँ बिगोसहितको कारबाही मागदाबी गरिएको छ ।

रधवा पिपलहुँदै अनहेरभाट स्थानसम्म सडक स्तरोन्नति निर्माण उपभोक्ता समितिका अध्यक्ष शम्भुकुमार मण्डविरुद्ध ३ लाख १ हजार ९१५, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनियासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समिति र रधवा पीपलहुँदै अनहेरभाट स्थानसम्म सडक स्तरोन्नति निर्माण उपभोक्ता समितिको कोषाध्यक्ष मञ्जु देवी पासवानविरुद्ध २१ लाख ९३ हजार ८१५ रुपैयाँ बिगोसहित कसुर तथा सजायको मागदाबी गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

## ध्वनि प्रदूषण नियन्त्रण गर्न ट्राफिक प्रहरीको विशेष अभियान

# भारी आवाज निकाल्ने मोटरसाइकललाई कारबाही

■ सौर्य समाचार

काठमाडौँ । काठमाडौँ उपत्यकामा सवारी साधनबाट हुने ध्वनि प्रदूषण नियन्त्रण गर्न उपत्यका ट्राफिक प्रहरीले विशेष अभियान सुरु गरेको छ । चर्को आवाजमा हर्न बजाउने र मोटरसाइकलमा गैरकानुनी तरिकाले परिमार्जन गरिएको साइलेन्सर पाइप गरिएका सवारीसाधनका कारण उत्पन्न हुने ध्वनि प्रदूषणमाथि कडाइ गर्न यो अभियान सुरु गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार पछिल्ला केही दिनयता उपत्यकाका मुख्य सहर काठमाडौँ, ललितपुर र भक्तपुरसहित विभिन्न स्थानमा स्वरूप परिवर्तन गरी ध्वनि निकाल्ने कम्तीमा पनि दुई सयभन्दा बढी मोटरसाइकलहरू नियन्त्रणमा लिइएको छ ।

भारी आवाज निकाल्ने मोटरसाइकलहरूलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, 'हामी सबैको जीवनशैलीमा ध्वनि प्रदूषणले प्रत्यक्ष असर पारिरहेको छ । मोटरसाइकलबाट आउने चर्को आवाजका कारण राति निद्रा लाग्न नसक्ने, तनाव हुने र समाजमा त्रासको वातावरण सिर्जना हुने अवस्था देखियो । रमाइलोको नाममा अरूलाई पीडा दिने प्रवृत्तिविरुद्ध अब कडा निगरानी गरिन्छ ।'

सवारी तथा यातायात व्यवस्था ऐनले कम्पनीले तोकेको मापदण्ड अनुसार मात्र सवारी सञ्चालन गर्न दिने व्यवस्था गरेको भए पनि पछिल्लो समय धेरै मोटरसाइकल चालकले यो नियम उल्लंखन गर्दै मनपरी साइलेन्सर पाइप परिवर्तन गरी चर्को आवाज निकाल्दै चलाउने गर्न थालेपछि कडाइ गर्नुपरेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।


**Bagmati Rural Municipality**
**Office of the Rural Municipal Executive**
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

**Invitation for Electronic NCB for the Procurement of Goods**

**First date of Publication: 2082/06/31 (17th Oct. 2025)**

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of Following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality-04, Jhurjhure, Makwanpur, Tel: 9849162772/9765744115, Website: http://bagmatimunmakawanpur.gov.np/or may visit PPMO e-GP system:https://www.bolpatra.gov.np/egp/.

| Contract ID number /IFB No | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/NCB/ GOODS/ 001/2082/083 | Supply and Delivery of Self-loading Concrete Mixture Machine (Front Loading System) | 96,99,999.10/- | 3,000.00/- | 2,45,000.00/- |

**Chief Administrative Officer**



# INTEREST RATE

Effective from October 18, 2025

**DEPOSITS**

| Saving Deposit (NPR) | Interest Rate (% p.a.) |
|---|---|
| Siddhartha Sajilo Bachat Khata | 2.77 |
| Siddhartha Peacekeeping Savings | 2.77 |
| Siddhartha RF Saving | 2.77 |
| Siddhartha Gen-Z Saving | 2.77 |
| Siddhartha Jeevan Surakshya Bachat Khata | 2.77 |
| Siddhartha Platinum Saving | 2.77 |
| Siddhartha Super Salary | 2.77 |
| Siddhartha Mero Share Khata | 2.77 |
| Siddhartha Jestha Nagarik Bachat | 2.77 |
| Siddhartha Bachat Account | 2.77 |
| Siddhartha Nari Bachat | 2.77 |
| Branchless Banking Account | 2.77 |
| Siddhartha Bal Bachat Khata | 2.77 |
| Siddhartha Social Security Saving | 2.77 |
| Siddhartha Investors Savings Account | 2.77 |
| Siddhartha Pay and Save Account (Parents) | 2.77 |
| Siddhartha Pay and Save Account (Child) | 3.50 |
| Siddhartha Remit Account | 3.50 |
| Siddhartha Platinum Plus Saving Account | 3.75 |
| Siddhartha Priority Saving Account | 3.75 |
| Siddhartha Professional Account | 3.75 |
| Siddhartha Horizon Platinum Saving | 3.75 |
| Siddhartha Smart Salary Account | 3.75 |
| SBL Premium Remit Saving Account | 4.75 |
| **Call Deposit (NPR)** | up to 1.00 |

| Fixed Deposit | Interest Rate (% p.a.) |
|---|---|
| **Individuals** | |
| 3 months to below 1 year | 3.75 |
| 1 year to 2 years | 4.50 |
| Above 2 years | 5.50 |
| **Remittance** | |
| 3 months to below 1 year | 4.75 |
| 1 year to 2 years | 5.50 |
| Above 2 years | 6.50 |
| **Institutions** | |
| 1 year to below 2 years | 2.75 |
| 2 years to 5 years | 3.00 |
| Above 5 years | 4.00 |

**Interest Rate of Foreign Currency Deposit (% p.a.)**

| Currency | Saving Deposit | Fixed Deposit (Individual/Institutional) | | Call Deposit |
|---|---|---|---|---|
| | | Up to 1 year | More than 1 year | |
| USD | 3.00 | 3.25 | 2.75 | up to 50% of lowest saving deposit interest rate of respective currency |
| EUR | 1.00 | 1.25 | 1.00 | |
| GBP | 2.00 | 3.00 | 2.00 | |
| AUD | 1.25 | 2.00 | 1.25 | |
| CAD | 1.00 | 1.50 | 1.25 | |
| JPY | 0.25 | 0.40 | 0.40 | |
| CNY | 0.50 | 1.00 | 0.50 | |
| For Other Currencies | Negotiable | | | |

- FCY Deposit for NRN & Remittance Customers +1 % additional.
- Other terms & conditions of the deposit products remain unchanged.
- Minimum tenor for FCY Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months.

**LOANS AND ADVANCES**

| Description | Interest Rate (% p.a.) | |
|---|---|---|
| **Fluctuating Working Capital (CC/OD/Short Term Loan/Import Loan/Working Capital Loan)** | | |
| Large Corporate | Base Rate | + up to 2.25% |
| Corporate | Base Rate | + up to 2.25% |
| SME | Base Rate | + up to 2.50% |
| Micro | Base Rate | + up to 3.25% |
| Agriculture | - | - |
| Large Corporate | Base Rate | + up to 2.25% |
| Corporate | Base Rate | + up to 2.25% |
| SME | Base Rate | + up to 2.50% |
| Micro | Base Rate | + up to 3.25% |
| **Working Capital - Term Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| Agriculture | - | - |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| **Sustainable Fluctuating Working Capital Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.00% |
| Corporate | Base Rate | + up to 2.00% |
| **Fixed Term Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.25% |
| Energy | Base Rate | + up to 2.50% |
| **Bridge Gap Loan** | | |
| Large Corporate | Base Rate | + up to 2.50% |
| Corporate | Base Rate | + up to 2.50% |
| SME | Base Rate | + up to 3.00% |
| Micro | Base Rate | + up to 3.50% |
| **Home Loan** | Base Rate | + up to 3.00% |
| **Auto Loan** | Base Rate | + up to 3.00% |
| **Commercial Vehicle Loan** | Base Rate | + up to 3.25% |
| **Professional Loan** | Base Rate | + up to 3.25% |
| **Education Loan** | Base Rate | + up to 3.25% |
| **Mortgage Loan** | | |
| Overdraft | Base Rate | + up to 3.25% |
| Term Loan/Short Term Loan | Base Rate | + up to 3.25% |
| **Export Finance** | | |
| Against USD LC | Base Rate | + up to 2.75% |
| Against NPR & other currency LC | Base Rate | + up to 2.75% |
| Against USD export documents | Base Rate | + up to 2.75% |
| Against NPR & other currency export documents | Base Rate | + up to 2.75% |
| **Loan Secured by :** | | |
| Fixed Deposit | | Coupon rate + up to 2.00% or Base Rate + up to 2.00% whichever is higher |
| Foreign Currency Deposits at SBL | Base Rate | + up to 2.75% |
| Government Bonds | | Coupon rate + up to 2.00% or Base Rate + up to 2.00% whichever is higher |
| Bank Guarantees issued by Foreign Banks | Base Rate | + up to 3.25% |
| Loan against Shares | Base Rate | + up to 3.00% |
| **FCY Loan Denominated in USD** | | Benchmark interest plus mutually agreed premium |
| **Consortium Loan (Fixed & floating interest rate)** | | As per consortium decision |
| **Deprived Sector Lending:** | | |
| Indirect Lending (eligible to qualify under DSL) | Base Rate | + up to 2.00% |
| Direct Lending | Base Rate | + up to 3.50% |
| Others | Base Rate | + up to 3.50% |
| **Loan up to Rs 2 crore (as prescribed by NRB)** | Base Rate | + 2.00% |

**FIXED INTEREST RATE (% p.a.) FOR INDIVIDUAL TERM LOANS**

| Types of Loan | Up to 5 years | Above 5 years to up to 10 years | Above 10 years |
|---|---|---|---|
| Home Loan | 7.99 | 8.49 | 9.00 |
| Mortgage Loan | 9.75 | 10.25 | 10.25 |
| Professional Loan | 9.75 | | |
| Education Loan | 9.25 | 9.75 | 9.75 |
| Hire Purchase Loan | **Up to 5 Years** | **Above 5 years** | |
| | 9.75 | 10.25 | |
| Auto Loan | **Up to 5 Years** | **Above 5 years** | |
| | 9.25 | 9.75 | |
| Siddhartha Hamro Ghar Karja | 7.75% p.a. and 7.49% p.a. for women (Fixed for 7 years) | | |
| Electric Vehicle | 8.50% p.a. and 8.25% p.a. for women | | |

**FIXED INTEREST RATE (% p.a.) FOR OTHER THAN INDIVIDUAL TERM LOANS**

| Up to 5 years | Above 5 years to up to 10 years | 10 to 15 years |
|---|---|---|
| 8.00 to 8.50 | 8.75 to 8.99 | 9.00 to 9.25 |

| | |
|---|---|
| **Average Base Rate of Preceding 3 months** | **6.09%** |
| **Bhadra 2082 Base Rate** | **5.94%** |
| **Bhadra 2082 Interest Spread Rate** | **3.98%** |

**Note:**
1. The effective applicable interest rates on loan is subject to change with effect from the first day of each month as per Nepali Calendar; triggered by change in Average Base Rate of preceding 3 months.
2. In case of loans eligible under interest subsidy, premium rates shall be applicable as per the circulars issued by NRB.
3. In case of loans where fixed premium prescribed by NRB, such premium shall apply.
4. Penal Interest 2% per annum.
5. Fixed Interest Rates for individual term loan shall be reviewed periodically as permitted by NRB.
6. Interest rate applicable to similar nature of loans shall be determined in line with NRB circular Bai.Bi.Ni.Bi/Niti/Paripatra/03/080/81 dated 2080/06/18. It shall be effective in the case of newly approved credit facilities from the date of the circular issued.

SiddharthaBank
**Head Office:** Naxal, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-5970720 / 5970020
**SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com